नेपाली इसाई मण्डली (ज्ञानेश्वर चर्च)
NEPALI ISAI MANDALI (GYANESHWOR CHURCH)
२०१४/1957

नेपाली इसाई मण्डली

# सूचनापत्र

मासिक

जेठ/असार २०६७ (June 2010) वर्ष १४/अङ्क १५९

# आत्मिकी तथा चंगाई सेवा

...पाष्टर अशोक मुखिया

मंगलवार बेलुकी साथै अन्य समयमा पनि मण्डलीमा आत्मिकी तथा चंगाई सेवा भइरहेको छ । विश्वासीहरू अनि विश्वास नगर्नुभएकाहरू धेरैले यो सेवाबाट प्रशस्त आशिषहरू पाइरहेका छन् । कति प्रभुमा धन्यवादी भई त्यसअनुसार जीवन जिइरहेका छन् भने, कति आफ्नो स्वार्थ पूरा भएपछि आफ्नै बाटो लागेकाहरू पनि छन् । जे भएपनि आत्मिक तथा चंगाई सेवामा आत्मा र शरीरले पवित्र आत्माबाट सेवकाई पाउँदछौं । जहाँ शिथिल आत्मा फेरि ताजा हुन्छ । थकित शरीरले पनि नयाँ बल, फूर्ति, जोश प्राप्त गर्छ साथै विभिन्न प्रकारको बन्धनहरूबाट छुट्कारा, स्वतन्त्रता, रोग बिमारबाट चंगाई प्राप्त गर्छौं । किनकि यो समय विशेष यही सेवकाईको लागि मण्डलीमा राखिएको हुन्छ । जस्तैः मण्डलीमा प्रार्थना सभा, आराधना सेवा, अन्य सेवा संगतिहरू राखिएको हुन्छ । त्यस अनुसार नै प्रार्थना सभामा प्रार्थनाको लागि भेला हुन्छौं भने आराधना सेवाको समय आराधनाको लागि भेला हुन्छौं ।

यसैले आत्मिकी तथा चंगाई सेवा पनि शरीर र आत्माको निम्ति सेवकाईको समय हो । जुन सेवकाई पवित्र आत्मा परमेश्वरले हाम्रो जीवनमा गर्नुहुन्छ (यशैया ६१:१–३) । हामी संसारमा र शरीरमा छौं । धेरै परिस्थितिबाट भएर हामी हिँड्नुपर्छ । जीवन सधैं एकै प्रकारको हुँदैन । यस्ता धेरै कुराहरू छन् जसले हामीलाई सजिलै थकाउँछ, शिथिल बनाउँछ, बन्धनमा पार्छ र प्रभुको भएर जिउन दिँदैन । जसको कारण हामी थकित, निराश, सुस्त हुन्छौं, बन्धनमा पर्छौं, अस्वस्थ पनि हुन्छौं तर प्रभुको इच्छा, हामी उहाँका छोराछोरीहरू आत्मा, मन, शरीरमा सधैं स्वस्थ, फुर्तिलो, जोशिलो, बन्धन मुक्त भएर विजय भई जिएको चाहनुहुन्छ (यूहन्ना १०:१०) । किनकि यस्ता कुराहरूले हामीहरूलाई अधीन गरेको, थिचेर राखेको परमेश्वर चाहनु हुन्न, साथै यस्तो अवस्थामा रहिरहन पनि हुँदैन । हाम्रा बाहिरी चोटहरू सजिलै देखिन्छ र मलमपट्टी लगाउन पनि सकिन्छ । तर हामीभित्र कति यस्ता चोटहरू पनि हुन्छ, जो सजिलै देखिँदैन र निको हुवाईको लागि पनि गाह्रो पर्छ । केवल पवित्र आत्मा परमेश्वरले मात्र देख्न सक्नुहुन्छ र आत्माका यी चोटहरूमा मलमपट्टी लगाइदिन सक्नुहुन्छ र हामी निको हुन सक्छौं (भजनसंग्रह १४७:३) । साथै पवित्र आत्माले हामीलाई पश्चात्तापतिर पनि डोऱ्याउने काम गर्नुहुन्छ, ताकि हामी पश्चात्तापी भएर स्वतन्त्र हुन सकौं । यसैले पनि हामीलाई यो आत्मिकी तथा चंगाईको सेवा र सेवकाई चाहिन्छ ।

यो आत्मा र शरीरले पाइने सेवकाई हो (यशैया ४०:२८-३१) । यसैले यो सेवकाईको समयमा विश्वासको साथ पवित्र आत्मा परमेश्वरलाई हाम्रो जीवनमा काम (सेवकाई) गर्न दिनुपर्छ । यो सेवकाईको समयमा पवित्र आत्माद्वारा आत्मामा फेरि ताजा भरपूरी प्राप्त गर्न सक्दछौं (१ थेसलोनिकी ५:१९) । आत्मा र शरीरमा थाकेकाहरूले फेरि ताजापन पाउँछौं । हामी आत्मामा शिथिल भई थाकेकाहरूले यो सेवकाईको समयमा पवित्र आत्माद्वारा आत्मामा विश्राम पनि पाउन सक्छौं (मत्ती ११:२८) ।

परमेश्वरको वचनले भन्दछ, आत्मामा शिथिल नहोओ र थाकेर नजाओ (हिब्रू १२:३) । कति अवस्थामा शरीर फुर्तिलो हुन्छ तर आत्मा थकित भएको हुन्छ । हामी आत्मिक मानिस भएकोले आत्मा र शरीर दुवै क्षेत्रमा हामी ताजा, फुर्तिलो र जोशिलो हुनुपर्छ (एफिसी ५:१८, रोमी १२:११) । यसैले हामीलाई आत्मिकी सेवा आत्माको ताजापन र भरपूरीको लागि पनि चाहिन्छ । आत्मा जोशिलो छ तर शरीर कमजोर भएर पनि हुँदैन । शरीर पनि स्वस्थ हुनुपर्छ । बन्धन मुक्त हुनुपर्छ । किनकि आत्मा र शरीरको एकआपसमा घनिष्ठ सम्बन्ध छ (मत्ती २६:४१) । यसैले यो समयमा आत्माले सेवकाई पाउने मात्र होइन, तर शरीरले पनि छुट्कारा, चंगाई, बन्धन मुक्त, स्वतन्त्रता पाउँदछौं (यूहन्ना ८:३१-३२ र ३६) । खीष्ट प्रभु सत्य हुनुहुन्छ, सत्यले स्वतन्त्र गर्दछ । येशू प्रभु हिजोआज सधैंभरि एकसमान हुनहुन्छ । उहाँले आफ्नो आत्माद्वारा यो काम गर्नुहुन्छ (२ कोरिन्थी ३:१७, जकारीया ४:६) । यो सेवकाईको समय पवित्र आत्मा परमेश्वरलाई हाम्रो बीचमा स्वागत गर्नुपर्छ । पूर्ण स्वतन्त्रताको साथ काम गर्न दिनुपर्छ । विश्वासको साथ उहाँको नजीक जानुपर्छ र उहाँले दिनुहुने आशिष विश्वासद्वारा धन्यवादसाथ ग्रहण पनि गर्नुपर्छ । यसैले यो आत्मिकी तथा चंगाई सेवाद्वारा हामी विश्वासीहरूले मात्र होइन तर रोग बिमार, समस्याहरूबाट थाकेकाहरू, जिउने आशा हराइसकेकाहरूले पनि आत्मा तथा शरीरमा चंगाई प्राप्त गरी जिउने आशा पाई प्रभुलाई महिमा दिन सकौं । यो सेवा मण्डलीको कार्यक्रम मात्र हुनुहुँदैन । हामी मण्डली दर्शक भएर अथवा बानी लागेकोले मात्र पनि जाने गर्नु हुँदैन तर चंगाई, छुट्कारा, निको हुवाई, स्वतन्त्रता, आत्माको भरपूरीको आशिष आफैले पनि पाउने र अरूहरूले पनि पाएको देख्ने विश्वास र प्रार्थनासाथ जानुपर्छ, साथै यो सेवकाईको लागि प्रार्थना पनि गरिएको हुनुपर्छ । जसको कारण यो आत्मिकी तथा चंगाई सेवा अझ अर्थपूर्ण र आशिषमय हुन सकून् ।

## शनिबार आराधना सेवामा वचनको सेवकाई गर्नुहुनेहरूको नामावली

| मिति | जोरपाटी | जहरसिंह पौवा | गाम्छा | सुन्दरीजल | गोंगबूँ | रानीपौवा |
|---|---|---|---|---|---|---|
| जेष्ठ २९ गते जुन १२ ता. | पाष्टर एस. सोदेम्बा | डीकन जमान तामाङ | श्री पासाङ डेविड शेर्पा | पाष्टर प्रेम श्रेष्ठ | पाष्टर रोबर्ट कार्थक | श्रीमती नविना लिम्बू |
| आषाढ ५ गते जुन १९ ता. | पाष्टर रोबर्ट कार्थक | संयुक्त सेवा जोरपाटी चर्च | संयुक्त सेवा जोरपाटी चर्च | संयुक्त सेवा जोरपाटी चर्च | डीकन छोदेन कार्थक | श्रीमती पूर्ण पाखिन |
| आषाढ १२ गते जुन २६ ता. | श्री पासाङ डेविड शेर्पा | श्री दीप राई | पाष्टर वि.वि. खवास | पाष्टर महेश थाँजु | श्री कुमार सेञ्चुरी | श्री सुरेन्द्र सापकोटा |
| आषाढ १९ गते जुलाई ३ ता. | पाष्टर एस. सोदेम्बा | सुश्री भिममाया तामाङ | पाष्टर प्रेम श्रेष्ठ | श्री पासाङ डेविड शेर्पा | पाष्टर वर्णवास श्रेष्ठ | संयुक्त सेवा गोंगबूँ चर्च |

# हार्दिक बधाई

वैशाख २७ गते/मे १० ता. सोमबार नेइम ज्ञानेश्वर मण्डलीमा पवित्र विवाह सुसम्पन्न भई वैवाहिक जीवनमा एकसाथ बाँधिनुभएकोमा श्रीमान्/श्रीमती **शिरिष प्रधान र प्रस्तुति (सुष्मा) प्रधान**लाई मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं ।





वैशाख ३० गते/मे १३ ता. विहीबार नेइम नगरकोट मण्डलीमा पवित्र विवाह सुसम्पन्न भई वैवाहिक जीवनमा एकसाथ बाँधिनुभएकोमा श्रीमान्/श्रीमती **सोनाम तामाङ्ग र पूर्णी माया तामाङ्ग**लाई मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं ।



नेपाली इसाई मण्डलीकी डीकनेस् सुश्री राइनी डे विट, नेदरल्याण्ड सरकारबाट नेपालमा रहेर प्रभावशाली सामाजिक सेवा गरेवापत **"राइडर इन द अडर अफ ओरेन्ज नासाओ"** पदकबाट सम्मानित हुनुभएकोमा मण्डली परिवार हार्दिक बधाई ज्ञापन गर्दछ ।

### कार्यक्रमको जानकारी

- यही जेष्ठ २२ गते जुन ५ ता. रामघाट मण्डली, पोखरामा हुने मण्डली रिट्रिट र जेष्ठ २३ र २४ गते/जुन ६ र ७ ता. हुने दुई दिने अगुवाहरूको सम्मेलनमा वचनको सेवाकाईको लागि पाष्टर गुरुबा रोबर्ट कार्थक जाँदै हुनुहुन्छ। उहाँको सेवकाई र यात्रको लागि प्रार्थना गरिदिनुहुन अनुरोध गर्दछौं ।
- आषाढ १ गते/जुन १५ ता. मंगलबार महिला उपवास प्रार्थना बिहान १०:०० बजे आ-आफ्नै मण्डलीमा हुने जानकारी गराउँदछौं ।

# प्रार्थनाका विषयहरू

१. नेइम जोरपाटी चर्चको जग्गा किन्न र भवन बनाउनको लागि समयमा नै रूपैयाँ पैसा जुट्न सकून् भनी प्रार्थना गरौं ।

२. सबैको लागि हित हुने ठीक संविधान ठीक समयमा बनिन सकून् भनी प्रार्थना गरौं ।

३. प्रधानमन्त्री, मन्त्री मण्डल, विभिन्न प्रशासनिक निकायहरू, सुरक्षा तथा न्यायिक पदाधिकारी, सांसद, सबै राजनैतिक दलका नेताहरू, नागरिक समाज तथा मानव अधिकारका अगुवाहरू सबै एकता, मेलमिलाप र समभ्रूदारीमा रही देशलाई ठीक प्रकारले डोऱ्याउन सकून् ।

४. अन्धकारको शक्ति, तिनका दुष्टकार्यहरू, योजनाहरू र किल्लाहरूको विरूद्धमा ख्रीष्ट येशूको नाउँमा अधिकारसाथ प्रार्थना गरौं जसको फलस्वरुप गरीबी, चोरी, डकैती, हत्या, अपहरण, चेलीबेटी बेचबिखन आदि जस्ता कुराहरू हटेर गएको होस् ।

५. देशका मण्डलीहरूले आ-आफ्ना ठाउँहरूमा सुसमाचारको काम अझ जोडतोडले गर्न सकून् जसको फलस्वरुप सुसमाचार पुग्न नसकेको दुर्गम जिल्लामा पनि सुसमाचार पुगी मण्डली स्थापना हुन सकोस् ।

६. एक लाख जवान जित्ने दर्शन लिएका मण्डलीका जवानहरूले स्कूल, क्याम्पस, साथै काम गर्ने ठाउँहरूमा आ-आफ्नो साथीहरूलाई सुसमाचार सुनाउन सकून् ।

७. बाँडिएका सुसमाचारका पर्चाहरू पाएका व्यक्तिहरूले ध्यानसित पढ्ने इच्छा भएको होस् र पढ्दा उहाँहरूको हृदयमा पवित्र आत्माले नै सत्यता बुझ्ने अनुग्रह दिऊन् । समय छँदा नै उहाँहरू प्रभुमा आउन सकून् भनी निरन्तर प्रार्थना गरौं ।

८. मण्डलीका सबै गुरुजनहरू साथै व्यवस्थापन समितिमा हुनुभएकाहरूले मण्डलीलाई परमेश्वरको इच्छाअनुसार अगुवाई गर्न, हुर्काउन, बढाउन, डोऱ्याउन साथै व्यवस्थित गर्न परमेश्वरबाटको अनुग्रह र पवित्र आत्माको सहायता मागिदिऔं ।

९. मण्डलीमा कसैले पनि रीतिविधिको रुपमा प्रभु येशूलाई नअङ्गालेको होस् । मण्डलीमा आउनुहुनेहरू सबै ख्रीष्ट प्रभुलाई सत्यतामा प्रेम गर्नेहरू हुन सकून् जसको कारण मण्डली संख्यामा मात्र होइन गुणमा पनि बढ्दै जान सकून् ।

१०. मण्डलीअन्तर्गतका सबै सेवा संगति, प्रार्थना सभा, बाइबल अध्ययन, पुरुष, महिला संगति, बाल संगति अनुगमन कक्षा अझ व्यवस्थित र वृद्धि हुँदै जान सकून् जसको फलस्वरुप मण्डली परिपक्व हुँदै जान सकेको होस् ।

११. नेइमअन्तर्गतका शाखा/आवद्ध मण्डलीहरू साथै देशभित्र, देशवाहिर मिशनरी भएर सेवकाईको लागि जानुभएकाहरूको सेवकाई, परिवार, मण्डली साथै मण्डलीका सम्पूर्ण आवश्यकता र विश्वासीहरूको लागि प्रार्थना गरिदिऔं ।

## शनिबार आराधना सेवामा वचनको सेवकाई गर्नुहुनेहरूको नामावली

| मिति | ज्ञानेश्वर | नगरकोट | सिर्जनानगर | ललितपुर | पनौती | गुर्जुधारा |
|---|---|---|---|---|---|---|
| जेष्ठ २९ गते<br>जुन १२ ता. | पा. सामुएल कार्थक | डीकन<br>राजु तामाङ | पाष्टर<br>अशोक मुखिया | डीकन गोपाल शर्मा<br>श्री तिलक राई | पाष्टर<br>दफ्तन सादा | डीकन<br>जनकलाल श्रेष्ठ |
| आषाढ ५ गते<br>जुन १९ ता. | पा. अशोक मुखिया | डीकन<br>मान बहादुर मगर | श्री पदम बहादुर राई | डीकनेस् ग्रेस खालिङ<br>पाष्टर बि.बि. खवास | डीकनेस्<br>श्रीलक्ष्मी सैजु | डीकन<br>श्याम कृष्ण रंजित |
| आषाढ १२ गते<br>जुन २६ ता. | एल्डर सामुएल क्षेत्री<br>एल्डर सामुएल क्षेत्री<br>पा. रोबर्ट कार्थक | एल्डर<br>पूर्ण सुनुवार | डीकन<br>सुरेश पुरकोटी | पा. रोबर्ट कार्थक<br>श्री सुबास खालिङ | डीकन<br>रूबेन श्रेष्ठ | श्री शेरूसिंह ठकुरी |
| आषाढ १९ गते<br>जुलाई ३ ता. | पा. रोबर्ट कार्थक<br>पा. रोबर्ट कार्थक<br>एल्डर सामुएल क्षेत्री | संयुक्त सेवा<br>ज्ञानेश्वर चर्च | संयुक्त सेवा<br>ज्ञानेश्वर चर्च | पा. रोल्याण्ड रांगोंग | श्रीमती<br>गंगा श्रेष्ठ | संयुक्त सेवा<br>ललितपुर चर्च |

## जानकारी

* वैशाख १८ गते/मे १ ता. ज्ञानेश्वर चर्चको संयुक्त आराधना सेवामा ज्ञानेश्वर र सिर्जनानगर चर्चको डीकन/डीकनेसहरूको अभिषेक गरियो, साथै क्षेत्रीय संयोजकहरूको लागि प्रार्थना पनि गरियो । डीकन/डीकनेसहरू निम्नअनुसार छन् :

*नेइम ज्ञानेश्वर चर्च*

**डीकनहरू** : श्री कृष्ण वि.सी., श्री छोडा तार्गेन, श्री हेमन्त राई, श्री उत्तम राजकर्णिकार, श्री अब्राहाम आलेमगर, श्री बुद्धि देउला र श्री खिल बहादुर श्रेष्ठ

**डीकनेसहरू** : श्रीमती शान्ति लामा, श्रीमती चन्दा मुखिया, श्रीमती मेनका (श्रेष्ठ) क्षेत्री र श्रीमती ज्योति महर्जन

*नेइम सिर्जनानगर चर्च*

**डीकनहरू** : श्री जेम्स राई, श्री बागमान तामाङ र श्री सुरेश पुरकोटी

* ***नेइम नगरकोट चर्च***
वैशाख २५ गते/मे ८ ता. शनिबार, नेइम नगरकोट चर्चमा डीकनहरू श्री मान बहादुर मगर, श्री बिमल तामाङ र श्री राजु तामाङको अभिषेक गरियो । साथै संयोजकको लागि प्रार्थना पनि गरियो

* ***नेइम ज्ञानेश्वर चर्चमा पानीको बप्तिस्मा*** : जेष्ठ ८ गते/मे २२ ता. शनिबार १० जना विश्वासीहरूले पानीको बप्तिस्मा लिनुभयो ।

* ***नेइम ज्ञानेश्वर चर्चमा तीन ओटा आराधना सेवा*** : जेष्ठ २२ गते/जुन ५ ता. शनिबारदेखि बिहान ७:३० बजे मध्य क्षेत्र, ९:३० बजे पूर्वी क्षेत्र र ११:३० बजे पश्चिम क्षेत्रको सेवा हुने भएको छ ।

* ***नेइम गोंगबूँ चर्चमा समर्पण*** : जेष्ठ १ गते/मे १५ ता. शनिबार १६ जना विश्वासीहरूले समर्पण गर्नुभयो ।

* ***नेइम गोंगबूँ चर्चमा बाल अर्पण*** : जेष्ठ १५ गते/मे २९ ता. शनिबार ८ जना बालबालिकाहरूको अर्पण भयो ।

जेष्ठ ३ गते/मे १७ ता. सोमबारका दिन सिफल बस्नुहुने नेइम ज्ञानेश्वर चर्चको सदस्य श्रीमती **नानीमैंया ठकुरी** ७८ वर्षको उमेरमा प्रभुमा सुत्नुभयो ।





जेष्ठ ७ गते/मे २१ ता. शुक्रबारका दिन जय बागेश्वरी बस्नुहुने नेइम ज्ञानेश्वर चर्चको बाल संगतिका विद्यार्थी श्री **यहोशू तामाङ** १० वर्षको उमेरमा प्रभुमा सुत्नुभयो ।

## साप्ताहिक सेवा संगति

| कार्यक्रम | बार | समय | स्थान |
|---|---|---|---|
| आराधना सेवा | शनिबार | बिहान ७:३०, ९:३० र ११:३० बजे<br>बिहान ९ बजे र ११ बजे<br>बिहान १०:३० बजे | ज्ञानेश्वर<br>ललितपुर<br>जोरपाटी, गोंगबू, पनौती, नगरकोट, जहरसिंह पौवा, गाम्छा, गुर्जुधारा<br>सिर्जनानगर भक्तपुर, रानीपौवा र सुन्दरीजल |
| आत्मिकी तथा चंगाई सेवा | | महिनामा एक पटक<br>महिनामा दुई पटक | ज्ञानेश्वर, ललितपुर, सिर्जनानगर भक्तपुर, गोंगबू, गाम्छा, सुन्दरीजल<br>जोरपाटी |
| घरेलु संगति | बुधवार, बिहीबार, शुक्रबार साथै हप्ताको अरू समयहरूमा विभिन्न ठाउँहरू | | |
| प्रार्थना सभा | आइतबार<br>आइतबार<br>सोमबार<br>मंगलबार<br>बुधवार<br>बिहीबार<br>शुक्रबार | बिहान ६:०० बजे<br>बेलुकी ६:०० बजे<br>बिहान ६:०० बजे<br>बिहान ६:०० बजे<br>बिहान ६:०० बजे<br>बिहान ६:०० बजे<br>बिहान ६:०० बजे | नयाँ बानेश्वर<br>लिपिकोट<br>ज्ञानेश्वर, जोरपाटी, नाइलेभारे, गाम्छा, नयाँपाटी, गोंगबूँ, पनौती सिर्जनानगर<br>धापासी र बौद्ध-बज्रनगर, कमलाक्षी<br>ज्ञानेश्वर, ललितपुर, जोरपाटी, पनौती, सरस्वतीनगर, गुर्जुधारा, भैसेपाटी<br>गोंगबूँ, कमलाक्षी<br>ज्ञानेश्वर, जोरपाटी, गोंगबूं, पनौती, कालीमाटी र गाम्छा, सुन्दरीजल |

| | | | | |
|---|---|---|---|---|
| **आइतबार Sunday** | **२३** 6<br>नेइम परिषदका सबै गुरुजनहरूको सेवकाई, परिवार, काम, व्यवसाय सम्पूर्ण कुराहरूमा परमेश्वरको आशिष मागिदिऔं ।<br>भजनसंग्रह १६:७-९ | **३०** 13<br>मण्डलीमा विभिन्न क्षेत्रहरूमा सेवकाई पुऱ्याउनको लागि प्रभुले नै ठीक-ठीक सेवक/सेविकाहरू दिनुभएको होस् ।<br>मत्ती ६:९-१० | **६** 20<br>मण्डलीका सबै सेवक/सेविकाहरू आफ्नो सेवकाईको क्षेत्रमा समर्पित र उदाहरण भएर मण्डलीको हेरचाह गर्नेहरू हुन सकून् ।<br>जकरिया ३:७ | **१३** 27<br>इस्राएल देशमा रहेका यहूदीहरूले प्रभु येशूलाई मुक्तिदाताको रुपमा चिनेर आफ्नो हृदयमा बोलाउन सकून् ।<br>यर्मिया ३१:१२-१४ |
| **सोमबार Monday** | **२४** 7<br>प्रत्येक विश्वासीहरूको व्यक्तिगत, पारिवारिक र मण्डलीसँग मिलेर गरिने प्रार्थनाको मूल्य चुकाई अझ बढेर गएको होस् ।<br>यशैया ६२:६ | **३१** 14<br>महिला उपवास प्रार्थना सभाहरूमा चढाएका प्रार्थनाद्वारा परिवार-परिवारमा अझ धेरै आशिष आउन सकून् ।<br>यशैया ५५:६-७ | **७** 21<br>यी आखिरी दिनहरूमा संसारका धेरै निराश गर्ने कुराहरूबाट पवित्र आत्मा परमेश्वरले नै सबै विश्वासीहरूलाई स्थिर र अटल रहन सहायता गरून् ।<br>मत्ती २४:३-१३ | **१४** 28<br>हामी सबै ख्रीष्ट प्रभुलाई जीवनको आखिरी घडीसम्मै प्रेम गरिरहन र उहाँको भएर जिउन सकौं भनेर अनुग्रह मागौं ।<br>२ तिमोथी ४:१-८ |
| **मंगलबार Tuesday** | **२५** 8<br>मण्डलीका पूरा समय काम गर्ने सेवक-सेविकाहरूको सेवकाईमा आत्माको नवीन जोश, उत्साह र नयाँ अभिषेक मागिदिऔं ।<br>यूहन्ना १५:१६ | **१ असार** 15<br>मण्डलीका सबै विश्वासीहरू परमप्रभु परमेश्वरलाई सत्यतामा पुकार्ने, उहाँको भय मान्ने र उहाँलाई प्रेम गर्नेहरू हुन सकून् ।<br>भजनसंग्रह १४५:१७-२० | **८** 22<br>हामी कोही पनि विश्वासमा कमजोर भएकाहरूको न्याय गर्ने होइन तर उनीहरूको निम्ति बोझसहित प्रार्थना गर्नेहरू हुन सकौं ।<br>रोमी १५:१-७ | **१५** 29<br>आफूले पाएका विभिन्न वरदानहरू प्रेम र नम्रतामा मण्डली निर्माणको लागि सबैले परमेश्वरको महिमाको लागि चलाउन सकून् ।<br>रोमी १२:६-८ |
| **बुधबार Wednesday** | **२६** 9<br>मण्डलीको आराधना सेवा, प्रार्थना सभा, घरेलु संगति, आत्मिकी सेवा साथै अन्य सेवा संगतिहरूमा यथासक्य मण्डलीले भाग लिन सकून् ।<br>हिब्रू १०:२३-२६ | **२** 16<br>हामी सबै विश्वासीहरू जीवनका सबै क्षेत्रहरूमा परमेश्वरको असल अभिप्राय अनुसार इच्छा गर्ने र काम गर्नेहरू हुँदै जान सकौं ।<br>फिलिप्पी २:१२-१७ | **९** 23<br>हामी आफ्नो परिवारको लागि मात्र होइन तर अरूको लागि प्रार्थना, सहायता, वास्ता गर्नेहरू भई आशिषको कारण बन्न सकौं<br>हिब्रू १३:२१ | **१६** 30<br>हामी मण्डलीका विश्वासीहरू एकअर्कालाई आफूभन्दा श्रेष्ठ ठान्नेहरू र एकअर्काको अधीनमा रही परमेश्वरलाई महिमा दिनेहरू हुन सकौं ।<br>फिलिप्पी २:५-९ |
| **बिहीबार Thursday** | **२७** 10<br>प्रत्येक परिवारले प्रभुलाई पाहुना होइन तर प्रभुको स्थानमा राखेर आदर दिनेहरू हुन सकून् ।<br>मत्ती ७:२१-२३ | **३** 17<br>प्रत्येक परिवारमा श्रीमान्/श्रीमती, छोराछोरी र आमा बाबुबीचको सम्बन्ध प्रभुको प्रेममा दिन प्रतिदिन बढ्दै जान सकून् ।<br>भजनसंग्रह ८४:१-१२ | **१०** 24<br>मण्डलीका सबै बाल बालिकाहरूले सानै उमेरदेखि प्रभुको आवाज सुन्न सकून् ।<br>१ शमूएल ३:१-१० | **१७** July 1<br>मण्डलीका प्रत्येक विश्वासीहरू आफ्नो जीवन प्रभुमा पूरा समर्पित भएर जिउन सकून् र परमेश्वरको निम्ति आफैलाई संसारका कुराबाट अलग राख्न सकून् ।<br>१ यूहन्ना २:१५-१७ |
| **शुक्रबार Friday** | **२८** 11<br>प्रत्येक शनिवार आराधना सेवाको साथै अरू सेवा संगतिहरूमा सुनेको वचनअनुसार समर्पित, इमान्दार र आज्ञाकारी हुँदै जान सकून् ।<br>प्रस्थान १९:५-६ | **४** 18<br>आराधना सेवामा आउनेहरू तयारीसाथ परमेश्वरको प्रशंसा गर्न, वचन सुन्न र एकअर्कासँग संगति गर्नको लागि आउन सकून् ।<br>यशैया ४३:७-१२ | **११** 25<br>आराधना सेवामा प्रचारिएको वचनद्वारा मण्डलीको आत्मिक स्तरमा वृद्धि आएको होस् ।<br>कलस्सी २:६-८ | **१८** 2<br>भोलि सबै ठाउँहरूमा हुने आराधना सेवामा परमेश्वरको गहिरो उपस्थिति सबैले थाहा गर्न सकेको होस् ।<br>यशैया ६४:१-४ |
| **शनिबार Saturday** | **२९** 12<br>शाखा/आवद्ध मण्डलीका पाष्टर तथा अगुवाहरूले मण्डलीलाई प्रभुको इच्छामा हुर्काउन, बढाउनलाई पवित्र आत्माको सहायता र अगुवाई मागिदिऔं ।<br>एज्रा ७:१० | **५** 19<br>नेपाल देशभरि रहेका मण्डलीहरूमा पवित्र आत्माको काम अझै बढेर गएको होस् र सम्पूर्ण मण्डलीहरू पवित्र आत्माले भरिँदै जान सकून् ।<br>यूहन्ना ७:३७-३९ | **१२** 26<br>नेपाल देशका सबै जिल्लाहरूमा सुसमाचार फैलिएर जान सकून् र धेरै नेपालीहरू प्रभुको राज्यमा आउन सकून् ।<br>१ तिमोथी २:१-८ | **१९** 3<br>मण्डलीबाट मिशनेरी भएर जानु-भएकाहरूलाई पवित्र आत्माले आफ्नो बोलावटप्रति इमान्दारी र विश्वासयोग्य भइरहन सकून् ।<br>हिब्रू ६:९-१२ |

"माग त तिमीहरूलाई दिइनेछ, खोज त तिमीहरूले भेट्टाउनेछौ, ढकढक्याओ त तिमीहरूका निम्ति उघारिनेछ । किनकि जसले माग्छ, त्यसले पाउँछ, जसले खोज्छ, त्यसले भेट्टाउँछ, जसले ढकढक्याउँछ, त्यसको निम्ति ढोका उघारिनेछ । "तिमीहरूमध्ये कुन मानिस होला, जसको छोराले रोटी माग्दा त्यसलाई ढुंगा देला ? कि माछा माग्दा त्यसलाई साँप देला ? यसकारण तिमीहरू दुष्ट भएर आफ्ना छोराछोरीहरूलाई असल चीज दिन जान्दछौ भने, स्वर्गमा हुनुहुने तिमीहरूका पिताले उहाँसित माग्नेहरूलाई कति बढी गरेर असल चीज दिनुहुनेछ ।

मत्ती ७:७-११



प्रकाशक: नेइम ज्ञानेश्वर चर्च, पो.ब. ११३१, काठमाडौं, नेपाल फोन नं: ४४१४४२५/४४१२१०२ Email:nim@wlink.com.np, www.nim.org.np